# श्री नौमुले सामुदायिक वन उपभोक्ता समूह

चुरे गा.पा. ४, कैलाली

पत्र संख्या :
च.नं.

मिति: २०८०/०६/३०

**गोलिया काठ लिलाम बिक्री सम्बन्धि बिस्तृत सूचना**

(पहिलो पटक सूचना प्रकाशन मिति: २०८०/०६/३०)

यस सा.व.उ.स.को सामुदायिक वन क्षेत्रबाट आ.व. २०७९/०८० मा नियमानुसार संकलन गरि समूहको कम्पाउण्डमा घाटगद्दी भएको तपशिल बमोजिम लट र परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सुदूरपश्चिम प्रदेश वन नियमावली २०७८ को नियम ९ मा व्यवस्था भए बमोजिमका उद्योगहरुले यो सूचना मिति २०८०/०६/३० गतेको नागरिक दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र खरिद गरि २२ औं दिनमा रितपूर्वकको सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपशिल:**

१) वन पैदावारको विवरण :-

| वन पैदावारको विवरण | | | | | | संकलन खर्च (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | गोलिया थान | काठको परिमाण (घ.फि.) | न्यूनतम मूल्य (रु.) | | |
| १।२०८०/०८१ | साल | A | २० | ३५८.२४ | ३५८२४०.० | प्रति क्यु. फि. रु. २५।०। | |
| | | B | १८ | २०६.१५ | १४४३०५.० | | |
| | | C | ४१ | २५८.० | १२९०००.० | | |
| | **जम्मा** | | **७९** | **८२२.३९** | **६३१५४५.०** | | |
| | अस्ना | A | ७ | ११५.९७ | ४६३८८.० | | |
| | | B | ५ | ५३.९८ | १६१९४.० | | |
| | | C | ४ | २८.६१ | २८६१.० | | |
| | **जम्मा** | | **१६** | **१९८.५६** | **६५४४३.०** | | |
| **कुल जम्मा** | | | **९५** | **१०२०.९५** | **६९६९८८.०** | | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८०/०७/२० (ख) समय: साझ ४:०० बजे सम्म
३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८०/०७/२१ (ख) समय: दिँउसो १:०० बजे सम्म
४) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस नौमुले सामुदायिक वन उपभोक्ता समूहको रा.बा. बैंक शाखा कार्यालय धनगढीमा रहेको खाता नं. ४२४०१००००२०८८००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकको ६ महिनाको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
५) बोलपत्र फाराम प्रति लटको रु. १,०००।- (पछि फिर्ता नहुने गरी) यस नौमुले सा.व.उ.स.को कार्यालय, चुरे गा. पा. ४ तथा डिभिजन वन कार्यालय, धनगढी, कैलालीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।
६) लिलाम बढाबढ हुने वन पैदावार चुरे गा.पा. ४ स्थित सा.व.उ.स.को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।
७) लिलाममा भाग लिन उद्योगका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति **२०८०/०७/२१** गते दिनको **३:००** बजे साँक्षीहरुको रोहवरमा खोलिने छ ।
९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, राजश्व, मूल्य अभिबृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।
१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
११) बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।
१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स. मा निहित रहनेछ ।
१३) सिलबन्धी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम, ठेगाना तथा लट नं. उल्लेख गर्नु पर्नेछ ।
१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्न सकिनेछ ।
१५) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुने छ ।

ईति सम्वत् २०८० साल असोज महिनाको ३० गते रोज ३ मा शुभम् ।